नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 2 Monthly International Edition of Herald of His Coming February 2022

वर्ष २३, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (फागुन, २०७८)

ख्रीष्टलाई चिन्नु- व्यावहारिक परिणामहरू

Knowing Christ - The Practical Resule

By George Muller

पावल प्रेरितले फिलिप्पीको पत्र ३ : १० मा "म उहाँलाई जान्नु सकुँ" भन्दछन् । यहाँनेर एउटा प्रश्न स्वाभाविक रूपमा उठ्न सक्दछ, पावल प्रेरितले के कुरा जान्न चाहन्छन् ? उनको सुन्दरतामा, चरित्रमा, सौन्दर्यतामा ख्रीष्टलाई चिन्न सकुन्, उनको भित्री इच्छा थियो । परमेश्वरको महिमा उनले नजिकबाट देख्न र चिन्न चाहन्थे । त्यसो भए, जबकि प्रेरित पावल अझै शरीरमात्र नै थिए तापनि उनले प्रेमिलो प्रभु येशूलाई जान्न र उहाँको चरित्रमा आफूलाई पनि उहाँजस्तै हुन पाए हुन्थ्यो भन्ने उनको भित्री इच्छा थियो । प्रेरित पावलले यहाँ उल्लेख गरेको ख्रीष्टलाई अनुकरण गर्न खोज्दा कस्तो प्रकारको आत्मिक नतिजा प्राप्त हुन्छ होला ? यहाँ निश्चित रूपमा ख्रीष्टको मन तिनीहरूको बिचमा आओस् भन्ने उनको भित्री इच्छा थियो । १ यूहन्ना ३ : २ मा परमेश्वरको वचनले यसो भनेको छ, "प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन, यति जान्दछौं कि, जब उहाँ प्रकट हुनुहुन्छ तब हामी उहाँजसतै हुनेछौं, किनकि उहाँ जस्तो हुनुहुन्छ तब हामी उहाँलाई त्यस्तै देख्नेछौं ।" (उहाँ जस्तो हुनुहुन्छ उहाँलाई त्यस्तै रूपमा चिन्नु) त्यसैले हाम्रा प्रभु येशू ख्रीष्टलाई पूर्ण रूपमा चिनेर उहाँलाई उहाँको सम्पूर्ण प्रेममा चिनेर, राजालाई उहाँको सुन्दरतामा देखेर तिनीहरू पनि उहाँजस्तै बनाइनेछन् । हामी परमेश्वरका सन्तान भएकाले जुन मापमा हामी उहाँलाई चिन्दछौं, यस पृथ्वीमा हुँदा चिन्दछौं त्यही मापमा उहाँको सुन्दरता र प्रेमजस्तै गरी उहाँको रूपमा हामी परिणत हुनेछौं । यो पवित्र आत्माले हामीलाई प्रदर्शन गर्ने ज्ञान हो, जुन अति नै बहुमूल्य हुन्छ । हामीले यसो भन्नु पर्दैन-

"मेरो आत्माको मुक्तिको लागि मात्र म उहाँलाई चिन्छु । अन्ततः मैले उहाँद्वारा मुक्ति प्राप्त गरिहाल्छु" यदि हामीले हाम्रो आत्माको मुक्तिको सन्दर्भमा मात्र उहाँलाई चिन्यौं भने ठिकै छ परमेश्वरको प्रशंसा होस् । तर हाम्रो सम्बन्धमा त्यति मात्र कुरा होइन । हामी यस पृथ्वीमा रहँदाखेरी नै उहाँको महिमालालाई चिन्नुपर्छ र त्यही अनुसार चल्नु पर्दछ । यसो गर्नको लागि हाम्रो अति नै बहुमूल्य प्रभु येशू ख्रीष्टसँग हाम्रो अति नै गहिरो सम्बन्ध हुन आवश्यक छ । जसले गर्दा हामीसँग अहिले जति छ त्यतिमै सन्तुष्ट हुन नपरोस् । हामी ख्रीष्टको ज्ञानको प्राप्तिमा कहिल्यै पनि सन्तुष्ट हुनुहुँदैन । उहाँसँग गहिरो सम्बन्ध कायम गर्दै जानु पर्दछ र उहाँजस्तै हुन खोज्नु पर्दछ जस्तो पावलले भएका थिए ।

यो प्रथम विचारमा म तपाईंको ध्यान आकर्षण गराउन चाहन्छु । प्रभु येशूको बढ्दो ज्ञानसँग हामीमा उहाँको मन हाम्रो मनमा पसेको

जस्तो अनुभव हुनेछ । खीष्टसँगको नजिकको सम्बन्ध र ज्ञानले हाम्रो आत्मिक जीवन बढ्नेछ, यस्तै अलौकिक आत्मिक शक्ति प्राप्त हुनेछ जहाँबाट हामीले सान्त्वना प्राप्त गर्न सक्दछौं । यसको प्रमाणको रूपमा म तपाईंलाई यशैया ५० : ४ तर्फ लैजान चाहन्छु । यहाँ यशैयाले प्रभु येशू खीष्टको बारेमा बोल्छन् । "थाकेकालाई समाल्ने वचन जान्न सकुन् भनेर परमप्रभु परमेश्वरले मलाई सिकाएको बोलिदिनुभएको छ, उहाँले मलाई बिहानैपिच्छे जगाउनु हुन्छ, सिक्नेलाई झैं ध्यानसित सुन्न उहाँले मेरो कान खोलिदिनु भएको छ ।"

खीष्टले मण्डलीलाई दिनदिन सान्त्वना दिनुहुन्छ र उत्साह थप्दै जानुहुन्छ त्यसैले त भन्न सकिन्छ कि परमेश्वरले मलाई विद्वान् मानिसको जिब्रो दिनुभएको छ । त्यसरी नै मैले थाकेको मानिसलाई सान्त्वना दिन एक शब्द कसरी बोल्न सकुँ । महान् कुरा के भने प्रभु येशूलाई हाम्रो हृदयको साथी बनाउन सक्नु र त्यहीअनुसार व्यवहार गर्न सिक्नु हो ।

हाम्रो कठिन अवस्थामा, अति कठिन अवस्थामा उहाँ हामीसँग बोल्नुहुन्छ र उत्साह दिनुहुन्छ । परीक्षा र कठिनाइको बिचमा, श्रम र उदासीको बीचमा, ठुलो वा सानो द्वन्द्वको बिचमा बारम्बार र बारम्बार प्रभुको मार्गमा हिँड्न चाहने परमेश्वरका छोराछोरीले आफूलाई आत्मिक रूपमा थकित आफैंलाई भएको महसुस गर्नेछन् त्यति बेला हाम्रा अद्वितीय परमेश्वरको छेउमा जानुपर्छ र भन्नुहोस्, 'हे प्रभु मसँग बोल्नुहोस् ! किनकि म थाकेको छु ।' यो समय खीष्टमा दाजुभाइ, दिदीबहिनीहरू म तपाईंलाई एउटा प्रश्न सोध्न चाहन्छु "के यस्तो परिस्थितिमा तपाईं दौडदै परमेश्वरकहाँ जानुहुन्छ ? र भन्नुहुन्छ हे प्रभु तपाईंको दास/दासीलाई ठिक समयमा सान्त्वनाको लागि ठीक वचन दिनुहोस् । किनकि म थाकेको छु प्रभु मैले तपाईंलाई पचास वर्षदेखि चिनेको छु । अमाज म तपाईंसँग भन्दछु धेरै पटक म प्रभुसँग यसरी दौडदै गएको छु र भनेको छु "प्रभु" । म थाकें अब सक्दिनँ मसँग बोल्नुहोस् न । त्यसपछि उहाँ मसँग मधुर स्वरमा बोल्नु भयो यो मेरो गवाही हो । हे प्रिय ! दाजुभाइ, दिदीबहिनीहरू तपाईंको संकटको बेलामा उहाँ तपाईंसँग आउन चाहनुहुन्छ र तपाईंलाई परेको दुःखमा उहाँ सहभागी हुन चाहनुहुन्छ ।

मैले यहाँ तपाईंसँग धार्मिक कथनहरू मात्र भनेको छैन, यो अति नै व्यावहारिक कुरा हो जो हरेकले बुझ्नु पर्दछ । ओ ! हाम्रा प्रभु कति महान् हुनुहुन्छ, उहाँ सधैँ हामीसँग समय बिताउन चाहनुहुन्छ । ओ ! यो आशिष शब्दमा वर्णन गर्न नसकिने प्रकारको छ । म हरेकलाई अनुरोध गर्न चाहन्छु कि तपाईंले येशूलाई आफ्नो समस्या समाधान नभएसम्म पक्रिरहनुहोस्, उहाँलाई विश्राम गर्न नदिनुहोस् सधैँ छातीमा टाँस्नुहोस् ।

प्रभुमा सधैँ भरोसा राख्नुहोस्

परमेश्वरलाई पछ्याउने काम अझै बाँकी छ । त्यसैले भरोसा राख्दैमा सबै कुरा सिद्धिएको भने हुँदैन । हामी दिनदिनै खीष्टसँग परिचित हुँदै जानु पर्दछ । हाम्रो सम्बन्ध भजनसंग्रह ९ : १० मा लेखेजस्तै हुनुपर्दछ "तपाईंको नाउँ जान्नेहरू जतिले आफ्नो भरोसा तपाईंमा राख्छन् । किनकि हे परमप्रभु तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्याग्नुभएको छैन ।" त्यसैले हामी भन्दछौं "तपाईलाई चिनेर तिनीहरू उहाँमा राख्दछन् । तिनीहरू उहाँको शक्तिमा भरोसा राख्दछन्, तिनीहरू उहाँको बुद्धिमा भरोसा गर्दछन्, तिनीहरू जस्तोसुकै समय र परिस्थितिमा उहाँलाई प्रेम गर्दछन् ।" कस्तो महान् आशीर्वाद ! यी वाक्यहरू मात्र होइनन् आशीर्वाद हुन् जुन कुरा संसारले बुझ्न सक्दैन । हामी संसारका मानिसहरूभन्दा सिद्धान्तले मात्र भिन्न छैनौं, हामीसँग परमेश्वरको सम्बन्ध छ । हामी उहाँका प्रजा हौं । यदि तिनीहरूले एकजना स्त्री र पुरुषलाई साँचो शान्तिमा भएको थाहा पाए भने विश्वास गर्ने छैनन् किनभने यो कुरा विश्वास नगर्नेहरूको लागि व्यर्थ हुनेछ । हामी विश्वासीहरूको लागि त स्वर्गमा हामीलाई छातीमा राख्ने कोही छ जसले हामीलाई असीमित प्रेम गर्दछ । हामीलाई आशिष दिने परमेश्वर हुनुहुन्छ, अब हामी उहाँमा भरोसा राख्न सक्षम छौं, उहाँलाई हेर्न, शान्त रहन, जस्तोसुकै परिस्थितिमा पनि अय्यूबले भनेजस्तै भन्न सक्छौं "उहाँले मलाई मार्नु भए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु, म अझै मेरो मामिला उहाँको सामुन्ने पेस गर्ने नै छु ।"

(अय्यूब १३ : १५) त्यसो भन्न सक्नुपर्छ र हाम्रो चारैतिर घुमिरहने बादलहरूले भन्नेछन् "हेर त परमेश्वरलाई प्रेम गर्ने मानिसहरू कति महान् ।" हामीलाई परमेश्वरले जति दिनुहुन्छ त्यसमा सन्तुष्टि मान्नु मात्र होइन उहाँसँग दिनदिनै थप्दै थप्दै जान सक्नु पर्दछ र उहाँसँग परिचित हुँदै जानु पर्दछ ।

उहाँलाई एक मित्रको रूपमा चिन्दै जाने हो भने उहाँ हाम्रो हृदयभित्रको असल मित्र हुनुहुनेछ यसरी हामी उहाँमा पूर्ण भरोसाको जीवन जिउन सक्दछौं । अनि हामी भन्न सक्छौं कि "मेरो जीवनमो एक असल मित्र मैले पाएको छु जसको म हृदयको मानिस हुँ ।" उहाँलाई प्रयास गर्नुहोस्, प्रयास गर्नुहोस्, प्रयास गर्नुहोस् । तपाईंले उहाँलाई विश्वास गर्नु कति असल छ, तपाईंले उहाँसँगको सम्बन्धमा दिनदिनै अगाडि बढ्न सक्नुहुनेछ । यस कार्यमा उहाँले तपाईंलाई कहिल्यै त्याग्नु हुनेछैन, छाड्नु हुनेछैन ।

एक महिमापूर्ण साझेदारी

अब हामी अर्को कुरा हेर्रौं । हामी किन यसरी येशूसँग टाँसिनु पर्ने हो ? ख्रीष्टमा भएका मेरा दाजुभाइ तथा दिदीबहिनीहरू हरेकलाई यो थाहा छ कि हामी परमेश्वर पिता र उहाँका एकले पुत्र हाम्रा प्रभु येशू ख्रीष्टसँग संगतिमा छौं । यसको मतलब हामी पिता र उहाँका पुत्र प्रभु येशूसँग साझेदारीमा छौं । हाम्रो साझेदार को को भनेर जान्न कति महत्वपूर्ण छ के आज तपाईं र परमेश्वर अनि ख्रीष्टसँग साझेदारी भएको संसारले देखेको छ ? साझेदारको स्वभाव र क्षमता जान्न एकदमै सरल हुन्छ । त्यसरी नै परमेश्वरले हामी को हौं, हामीसँग कति शक्ति छ ? त्यो सबै उहाँलाई थाहा हुन्छ किनभने हामी उहाँका साझेदार हौं । परमेश्वरले हामीलाई उहाँमा संगतिमा आउने भनी आह्वान गर्नुहुन्छ । कतिपटक हामीले यो कुरा बुझेका भने हुँदैनौं । हामीजस्ता निच, मूल्यहीन, अभागी प्राणीहरूप्रति उहाँको दया, करुणा कति अचम्मको, कति महान् । हामी अझै उहाँलाई बिर्सिएर अन्धकारको शक्तिको पछि लाग्दा पृथ्वीमा एक तीर्थयात्री सरह फिरन्ते आशाविहीन भएर घुमिरहँदा उहाँले हामीलाई साझेदार बनाउन चाहनुहुन्छ । हो ! यो उहाँको अनुग्रहकै कारणले हुन गएको हो ।

डर विना हामी उहाँलाई पछ्याऔं, उहाँ हामीसँग सधैं साझेदारी गर्न चाहनुहुन्छ । उहाँको चरित्रको बारेमा त हामीलाई थाहा नै छ । उहाँ कस्तो महान् हुनुहुन्छ । उहाँले हामीलाई आशिष र अपरिवर्तनीय प्रेमले प्रेम गर्न चाहनुहुन्छ । परमेश्वरको प्रशंसा होस् ।

के ख्रीष्ट मेरो जीवनबाट सम्मानित हुनुहुन्छ ?

(Is Christ Honored in My Life?)

By C.H. MucIlrary

हाम्रा वरिवरिका मानिसहरूले आज हामीलाई नियालेर हेरिरहेका छन् । हामी वास्तवमै के हौं ? भनेर तिनीहरूले जाँचिरहेका छौं । आज हाम्रो गवाही के कस्तो छ ? तिनीहरू एकदमै विचार गरेर हेर्ने गर्दछन् । तिनीहरूले हाम्रो जीवनलाई नापिरहेका छन् । हुन त हामीलाई धेरैपटक यो कुरा थाहा नहुन सक्छ भने कतिपटक बेवास्था पनि गरेका हुन सक्दछौं । उनीहरूले हाम्रो जीवनमा परमेश्वर हुनुभएको देख्न चाहेका भने होइनन् तर त्यत्तिकै जान्न खोजेजस्तो गर्दछन् । परमेश्वरले हामीलाई उहाँको अगाडि सधैं नम्र भएर हिँडेको चाहनुहुन्छ । हाम्रो बोली र स्वभाव ख्रीष्टको जस्तै हुनुपर्ने हो तर त्यस्तो हुँदैन किन होला ? परमेश्वरले हामीलाई ख्रीष्टको जस्तै स्वभाव हुनको लागि बोलाउनु हुनछ । हाम्रो जीवनबाट ख्रीष्ट उचालिनु पर्दछ । यदि हामी उहाँजस्तै हुन प्रयास गर्यौं भने उहाँ को हुनुहुन्छ सम्पूर्ण कुरा देख्न सकिन्छ । उहाँले हामीलाई सम्पूर्ण महिमा देखाउनु हुन्छ ।

दोस्रो कुरा उहाँका अनुयायीहरूको जीवन अरु मानिसहरूले देखेर अब तिनीहरू पनि परमेश्वरतिर फर्कुन् उहाँले नै चाहनुभएको हो । आज हाम्रो बिचमा एउटा प्रश्न आएको छ के साँच्चिनै ख्रीष्ट हाम्रो जीवनबाट सम्मानित हुनुभएको छ ? यदि छ भने हाम्रो जीवन नै धेरै मानिसहरूको लागि सुसमाचार भएको हुनुपर्दछ । उहाँलाई पछ्याउनेहरू पक्कै पनि अरु मानिसहरूभन्दा फरक हुन् ।

खीष्टमा पोशाक लगाइएको एउटा परिवार

A Family Clothed in Christ

By Kim Butts

आज हामी अति नै व्यावहारिक शिक्षा सिक्दैछौं । थोरै समय लिएर अन्तसम्म पढ्नुहोला । म आशा गर्दछु तपाईंहरूले पक्कै पनि आशिष प्राप्त गर्नुहुनेछ । बाइबलले भन्दछ "दियाबलसका मुक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याईंका आत्मिक सेनाहरूका विरुद्ध हो । यसै कारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।" (एफिसी ६ : ११-१३)

एउटा कुरो राम्रोसँग ध्यान दिनुहोस् कि हामीले परमेश्वरको पूर्ण हतियारहरू धारण गर्नुपर्दछ भन्ने कुरा बाइबलले स्पष्ट पारेको छ । माथिको छोटो खण्डमा दुई-दुई पटक आज्ञा दिइएको छ । परमश्वले किन हामीले हातहतियार धारण गरेको चाहनुहुन्छ होला ? उत्तर स्पष्ट छ, ताकि हामी शैतानको योजनाहरूको विरुद्धमा हामी खडा हुन सकौं । जसले गर्दा जब दुष्टको दिन आउँछ, त्यससँग आत्मिकरूपमा लडाईं गर्नको लागि खडा हुन सकौं ।

खीष्टियनहरूको लागि सुरक्षाको लागि पोशाक लगाउनु धेरै महत्वपूर्ण कुरा हो । यदि हामीले हाम्रो जीवनमा, हाम्रा छोराछोरीको जीवनमा, हराएका मानिसहरूको जीवनमा परमेश्वरको पोशाकको सुरक्षा प्राप्त गरेनौं र त्यसको महत्व बुझ्न सकेनौं भने हामी नराम्रोसँग पछारिने छौं । हाम्रो जीवनमा प्रलोभनहरू आउन सक्दछन् यस्तो बेलामा लडाईं गर्नको लागि के हामी मैदानमा खडा हुन सक्छौं त ? आज हाम्रो खीष्टियन परिवार आक्रमणमा पारेको छ, त्यसैले हामीले दैनिक हतियार चलाउन सिक्नुपर्दछ र सक्नु पर्दछ । शत्रुले हामीलाई एउटा कोणबाट आक्रमण गऱ्यो भने हामीले उसलाई अर्को कोणबाट आक्रमण गर्न जान्नु पर्दछ । हामी हरेक कोणबाट युद्ध गर्न तयार हुनुपर्छ ।

युद्धको लागि तपाईंले आत्मिक हातहतियारहरू पोशाकको रूपमा लगाउनु पर्दछ तर यो कसरी लगाउने त ? यहाँ केही व्यावहारिक उपायहरू सिकाउने छु जुन कुरा हरेक परिवारले बिहान बाहिर काममा जानुभन्दा पहिले पालना गर्नुपर्दछ । सबैभन्दा पहिलो कुरा जब तपाईं बाहिर काममा जानुहुन्छ, त्योभन्दा पहिले सँगै बसेर अर्काको लागि प्रार्थना गर्ने बानी बसाल्नु पर्दछ ।

खीष्टसँग पोशाक लगाउनु

अहिले हामी अति नै द्रुत रूपमा चलेको व्यस्त संसारमा चलिरहेका छौं । हामी सँगसँगै बसेर प्रार्थना गर्ने समय नै छैन । हामीलाई समय निकाल्न एकदमै गाह्रो छ । हुनसक्छ हामीले हाम्रो जीवन कत्तिको खतरामा छ र उहाँको पोशाक लगाउनुको अर्थ राम्रोसँग बुझ्यौं भने अवश्य नै तपाईंले समय निकाल्नु हुनेछ । हो, हाम्रा छोराछोरीहरूको लागि परमेश्वरको योजना महान् छ तर शैतानले पनि उनीहरूको जीवनलाई कसरी ध्वस्त पार्ने होला भनी योजना बनाएको हुन्छ । तसर्थ, हामीले र हाम्रो परिवारका हरेक सदस्यले परमेश्वरले लगाइदिनु हुने पोशाकलाई राम्रोसँग बुझ्नु र प्रयोगमा ल्याउनु अति महत्वपूर्ण हुन्छ । पावलले रोमीको पुस्तक १३:१४ मा यसरी भनेका छन् "तर प्रभु येशू खीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ ।"

यहाँ पावलले खीष्टियनहरूलाई प्रभु येशू मुक्तिदाता हुनुहुन्छ भन्ने प्रस्ट पार्न चाहन्छन् । हामी भित्र नै छ त्यसको परिणाम बाहिर पनि देखिन्छ भनी उनी

नियमित बाइबल पढ्ने बानी बसाल्नौं

प्रमाणित गर्न चाहन्छन् । हाम्रो परिवारबाट साथीहरूबाट पनि खीष्ट देखिनुपर्छ भन्ने कुरामा उनको शिक्षा केन्द्रित छ । यहाँसम्मको हाम्रो वरिपरिको संसारले पनि खीष्टलाई देखाउन सके कति राम्रो हुन्थ्यो होला । हरेक मानिसको हृदयको भित्रपट्टि पापी स्वभाव लुकेर बसेको हुन्छ । यद्यपि जब हामीले खीष्टको पोशाक पहिरिन्छौं भने हाम्रो स्वभाव उहाको स्वभावमा परिवर्तन हुँदै जान्छ । हामी उहाँजस्तै हुनु भनेको यस्तै हो । जब मलाई परमेश्वरको हातहतियार धारण गर्नु भनेको खीष्टमा पोशाक एउटा आसय हो भन्ने थाहा भयो, मलाई खीष्टको पोशाक पहिराउन जब अनुमति दिइयो म अति नै रोमाञ्चित भएँ । उदाहरणको लागि "आफ्ना कम्मर सत्यताले कसेर..." (एफिसी ६ : १४) म खीष्टलाई पनि सँगसँगै धारण गरिएको हुनेछु । अनि "धार्मिकताको छातीपाता पनि सँगसँगै धारण गरिएको हुनेछु । अनि "धार्मिकताको छातीपाता लगाएर खडा होऔं ।" (६ : १४) यसरी मैले खीष्टसँग उहाँलाई धारण गरेको हुनेछु । उहाँ नै शान्तिको सुसमाचार हुनुहुन्छ (जुत्ता) उहाँ हाम्रो मुक्तिको टोप हुनहुन्छ ।

विश्वासको ढाल र आत्माको तरबार

जब हामी खीष्टसँग उहाँको पोशाकमा धारण गरिएका हुन्छौं तब दुईवटा महत्वपूर्ण कुराहरू यहाँ देखा पर्दछन् । पहिलो विशवासको ढाल हो, "साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौं ।" (एफिसी ६ : १६) जब हामी खीष्टलाई धारण गर्दछौं, वास्तवमा यो क्रियाकलाप हामी विश्वासमा गर्दछौं । हामीभित्र रहेको उहाँको शक्ति र उहाँमार्फत हामीमा बस्ने येशूलाई पछ्याउने हाम्रो निर्णयको बाहिरी परिवर्तन हुन मद्दत गर्न सक्दछ ।

यो कुरा ध्यान दिनुहोस् कि माथि उल्लेख गरिएका आत्मिक हातहतियारहरूका हरेक टुक्राहरू रक्षात्मक छन् । पोशाकले शरीरलाई सुरक्षा दिन्छ । यद्यपि, शत्रुसँग लडाईं गर्न जब हामी मैदानमा जान्छौं त्यहाँ येशू पनि हामी सँगसँगै जानुहुन्छ र उहाँ नै हाम्रा शत्रुहरूका विरुद्धमा लड्नुहुन्छ । त्यसकारणले हातहतियारलाई उपयोग पनि धेरै महत्वपूर्ण हुन्छ "मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरबार लेओ, जोचाहिँ परमेश्वरको वचन हो ।" (पद १७) यूहन्ना १ : १ मा हामी येशूको सन्दर्भमा कुरा गरेको हामी देख्न सक्छौं, "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।"

धर्मशास्त्रले हामीलाई परमेश्वरको वचन दुईधारे तरबार हो भन्दछ । त्यो तरबारलाई उठाउनु पर्दछ । त्यही वचनलाई परमेश्वरले उजाडस्थानमा आफूलाई शैतानले परीक्षामा पार्दा प्रयोग गर्नुभएको थियो । शैतानले पनि प्रतिकार गर्नको निम्ति परमेश्वरको वचनको प्रयोग गऱ्यो तर येशूको अगाडि उसको केही पनि लागेन । हामीले पनि खीष्टले जस्तै शैतानलाई प्रतिकार गर्न परमेश्वरको वचन प्रयोग गर्नुपर्दछ ।

परिवारलाई प्रार्थनाद्वारा पोशाक लगाउनु

के तपाईं आफू परमेश्वरको पोशाह पहिरेर सुरक्षित हुनुहुन्छ ? यदि हुनुहुन्न भने सुरक्षाको पोशाक लगाउनुहोस्, कसरी लगाउने प्रश्न होला तपाईंको मनमा । उत्तर सजिलो छ प्रार्थनाद्वारा । एकदमै सरल तरिकाले तपाईंले प्रार्थना गर्न सक्नुहुन्छ । प्रभु ! आज मैले त्यही पोशाक लगाएको छु, जुन खीष्टले लगाउनुभएको थियो । जसले गर्दा शैतानले देखाउने कुनै प्रलोभनको विरुद्धमा लडाईं गर्न र विजय प्राप्त गर्न सकौं । हामीले मुक्तिको टोप र धार्मिकताको पोशाक लगाउन चाहन्छौं किनभने तपाईं नै हाम्रो मुक्ति र धार्मिकता हुनुहुन्छ । सत्यको पेटी हाम्रो कम्मरमा बाँध्न चाहन्छौं किनभने तपाईं मात्र सत्य हुनुहुन्छ । तपाईं सुसमाचार हुनुहुन्छ, हामी जुत्ता लगाउँछौं जसले हामीलाई त्यो सत्यता अरुलाई बाँड्न सकियोस् । विश्वासमा हामी हाम्रो ढाल उठाउँछौं ताकि हामी शत्रुका अग्निबाढाहरूबाट पूर्णरूपमा सुरक्षित हुन सकौं । हामी तपाईंको वचनको तरबार बोक्नेछौं ताकि हामीले शत्रुलाई जवाफ दिन सकौं । १ पत्रुस ३ : १५ "तर खीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर, तिमीहरूमा भएका आशाको विषयमा कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस ...।"

हे पिता ! म सबैभन्दा बढी तपाईंलाई हेर्न सकुँ मैले खीष्टले जस्तै पोशाक लगाएको छु ।" येशूको नाउँमा आमिन् ।

निरन्तर वृद्धि हुने जीवन

A Life of Constant Growth

By Ruth Paxon (1889-1940)

"हामी सबैं घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बलिँदै जान्छौं ...।"(२ कोरिन्थी ३ : १८)

साँचो आत्मिक अनुभव कहिल्यै पनि स्थिर हुँदैन । माथिको हेराई र घुम्टो हटाइएको अनुहारले प्रभुको महिमाको केही कुरा समात्न र प्रतिबिम्बित गर्नुपर्दछ । उहाँको बढ्दो ज्ञान र महिमाको राम्रो सम्बन्धले उहाँसँग राम्रो सम्बन्ध हुन्छ । जसले उहाँ सँगसँगै हामी आत्मिक रूपमा बढ्दै जान्छौं । र, हामी उहाँजस्तै हुन सक्दछौं । यो आत्मिक गहिराइ हो ।

एक दिनको कुरा हो म मध्य चीनको याङ्जी नदीमा यात्रा गरिरहेको थिएँ । भर्खरै निकै भारी वर्षा र हावाले चारैतिर सफा देखिन्थ्यो । आकाशमा थोरै थोरै बादलका टुक्राहरू देखिन्थे । अनि धेरै पर आकाशमा बादलहरूको बीचबाट सूर्य चम्किलो रूपमा देखा परेको थियो । सूर्यमाथि माथि निस्किएको थियो । यो हेर्दै म अचम्मै मान्दै थिएँ त्यतिबेला परमेश्वरले मलाई के के बोल्नुभएको जस्तो लाग्यो र म बाहिर निस्कन प्रयत्न गरेँ । मलाई अब परमेश्वरले केही कुरा भन्न खोज्दै हुनुहुन्छ भन्ने कुरा मैले महसुस गरेँ । वास्तवमा भन्ने हो भने याङजी नदीको पानी त्यति सफा हुँदैन अलि धमिलो हुन्छ, तर जब म किनारमा पुगेँ र माथितिर हेरेँ, त्यो पानी आज एकदमै सफा भएको मैले देखेँ । त्यो पानी सफा देखिनुपर्ने कारण आकाशबाट त्यो नदीमाथि परेको सूर्यको किरण र त्यसलाई बादलले दिएको छायाले गर्दा यस्तो भएको थियो । त्यतिबेला नै पवित्र आत्माले मलाई भन्नुभयो, "तिमी यो नदीको पानी जस्तै धमिलो छौ जब तिमी यो नदीमा जस्तै माथिबाट सूर्यको प्रकाश आएजस्तै पवित्र आत्माको शक्ति तिमीमा पऱ्यो भने तिमी पनि सफा हुन सक्दछौ (२ कोरिन्थी ३ : १८) अब तिमीले हरेक कुरा आफ्नै आँखाले होइन ख्रीष्टको आँखाले हेर्नेछौ र तिमी फरक हुनेछौ, तिम्रो जीवन परिवर्तन हुनेछ भनी परमेश्वरले कतैबाट बोलिरहेको जस्तो लाग्यो ।

हे, मेरा प्रिय साथीहरू के तपाईंको पनि मेरो जस्तै अनुभव छ ? के तपाईंले कहिल्यै ऐनामा हेरेर आफूलाई छर्लङ्ग देखेजस्तै परमेश्वरमा हेर्नुभएको छ ? हामी हरेकले परमेश्वरको महिमा देख्नुपर्दछ । यसरी हामी दैनिक जीवनमा आत्मिक रूपमा बढ्दै जानेछौं । आउनुहोस्, हामी बाइबलको यो खण्डलाई हेरौं ।

"ममा रहने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन बढी फल फलोस् भनी छिवल्नुहुन्छ ।... दाखको बोट म हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहेँ भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ (यूहन्ना १५ : २, ५)

फलमात्र होइन, धेरै फल, अधिक फल के यो वाक्यांशले ख्रीष्टमा रह्यो भने धेरै फल फलाउने कुरा गर्दैन र ? के यो खण्डले हामीलाई एक महिमादेखि अर्को महिमासम्म बढ्दै जाने हाम्रो आत्मिक जीवनको प्रगतिको बारेमा भन्दैन र ? यो खण्डले धेरै फल फलाउने हो भने परमेश्वरको महिमा हुन्छ भन्दछ र त्यसैमा हाम्रा परमेश्वर खुसी हुनुहुन्छ ।

"तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरो पिताको महिमा हुनेछ ।" (यूहन्ना १५ : ८)

आत्माको फल

यहाँ एउटा प्रश्न आउन सक्दछ, परमेश्वरले त्यो हाँगामा कस्तो प्रकारको फल पाउनु हुनेछ ? तर उहाँले खोज्नुभएको हाँगाको फलचाहिँ पवित्र आत्माको फल हो । "पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन ।" (गलाती ५ : २२, २३)

'आत्माको फल' ख्रीष्टको सम्बन्धले प्राप्त हुने कुरा हो । यी फलहरू अरु कुनै कुराहरू गरेर प्राप्त गर्न सकिँदैन केवल ख्रीष्टको

परमेश्वरको सुरक्षा र खीष्टको उपस्थिति

(God's Protection and Christ's Presence)

By C.H. Mucllrary

प्रार्थनाको महत्वको बारेमा धेरै लेखहरू लेखिएका छन् अरु धेरै लेखिन्छन्, ती धेरलाई तपाईंले पढ्नु पनि हुन्छ वा भयो होला । तर के तपाईंको प्रार्थनामा शक्ति छ ? आज तपाईंको प्रार्थना कस्तो त ? तपाईं आफ्नो प्रार्थना यस्तो प्रकारको (अरुको भन्दा फरक) बनाउनु पर्दछ । परमेश्वरको शक्तिले मलाई चलाउनुहोस्, हे परमेश्वर तपाईंको शक्तिले मलाई सामर्थ्य दिनुहोस् परमेश्वरको आँखाले मेरो मार्गलाई देखाउन् । मेरो अघि अघि उहाँले हेर्नुहोस् ।

परमेश्वरको कानले मलाई सुन्नुहोस् ।

परमेश्वरको वचनले मलाई बोलाउनुहोस् ।

परमेश्वर तपाईंको हातले मेरो रक्षा गर्नुहोस् ।

परमेश्वरको बाटो मेरो अगाडि छ । तपाईंको ढालले मलाई बचाउनुहोस् ।

परमेश्वरको आत्माले मलाई बचाउनुहोस् ।

खीष्टले मलाई आज चारैतिर घेर्नुहोस्, खीष्ट मसँग, खीष्ट मेरो अगाडि, खीष्ट मेरो पछाडि, खीष्ट मभित्र, खीष्ट मेरो मुनि, खीष्ट मेरो माथि, खीष्ट मेरो दाहिनेपट्टि, खीष्ट मेरो देब्रेपट्टि । म बस्दा खीष्ट, म उभिँदा खीष्ट, मेरो बारेमा सोच्ने सबैको हृदयमा खीष्ट, मेरो बारेमा बोल्ने सबैको मुखमा खीष्ट, मलाई देख्ने हरेकको आँखामा खीष्ट, हरेकको कानमा खीष्ट । आमिन् ।

परमेश्वरलाई धन्यवाद हाम्रो प्रार्थना यस्तो हुनुपर्दछ ।

St. Patrick

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

सम्बन्धबाहेक । हामीले धेरैपटक यो फललाई गलत प्रकारले बुझेका र व्याख्या गरेका छौ । यी सबै नौवटा फलहरूद्वारा उहाँको अनुग्रह प्राप्त गर्न सकिन्छ, त्यसकारणले हामीलाई जीवनको हरेक क्षेत्रमा परमेश्वरको अनुग्रहको आवश्यकता हुन्छ । तर कतिपटक हामीले प्रेमको महान् अनुग्रहलाई हाम्रो स्वभावले छोपेर अगाडि बढ्न नदिएको जस्तो, देख्दछौं । कतिपटक हाम्रो जीवनमा प्रेम हुन सक्दछ तर आत्मसंयम नहुन सक्दछ । यस्तै हामीले धीरजी व्यक्ति पनि देख्छौं तर ऊ आनन्दित छैन । कुनै विश्वासीहरूको विश्वास निकै लामो छ तर नम्रताको समय एकदमै छोटो छ । विचार गरौं त कति विश्वासीहरूसँग कलबरीको खीष्टको प्रेम भन्दा सिनै पहाडमा परमेश्वरले मोशालाई दिनुभएको करारको गर्जन बलियो हुन्छ । उसले सफलताको र प्रगतिको सिद्धान्तलाई बढ्ता अँगीकार गर्दछ । हामीले खीष्टको अधिनत्वभित्र रहन सिक्नु पर्दछ । महिनाको प्रकाश हाम्रो जीवनमा आउनको लागि कुनै बादलले ढाकेको त छैन, हामी विचार गरौं । हामी यसरी महिमामा बढ्दै बढ्दै जान सक्छौं । आत्मिक जीवनमा यी नौवटा अनुग्रहहरू परमेश्वरले मानिसहरूलाई दिनुहुन्छ हरेकलाई त होइन विश्वासीहरूलाई मात्र । संसार खीष्ट बाहिर छ विश्वासी खीष्टभित्र छन् ।

('Revers of Living Water' बाट लिइएको Ruth Paxon त्यतिबेलाका प्रसिद्ध बाइबल शिक्षक तथा सेवक थिए - सं.)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com